हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं. ५५

## कृषकको मागमा आधारित ५०% अनुदानमा मिनि टिलर वितरण कार्यक्रम को प्रस्ताव आह्वान सम्बन्धी सूचना।

*प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०८*

प्रस्तुत विषयमा यस हरिहरपुरगढी गाउँपालिकाको आ.व. २०८३/०८४ को कृषि विकास शाखातर्फ **कृषकको मागमा आधारित ५०% अनुदानमा मिनि टिलर वितरण कार्यक्रम** रहेको हुँदा ईच्छुक **कृषक, कृषि उद्यमी, कृषि फर्म, कृषक समूह, कृषि सहकारीले** यो सूचना प्रकाशीत भएको मितिले १५ औं दिन (२०८३/०६/२३ गते) भित्र देहाय अनुसारको कागजातहरु सहितको निवेदन यस गाँउपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस दिनको भोलिपल्ट कार्यालय समयभित्र आवेदन पेश गर्न सकिनेछ।साथै रित नपुगेका वा म्याद नाघी आएका आवेदनहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गरिन्छ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गरिने क्रियाकलाप | वितरण परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | कृषकको मागमा आधारित ५०% अनुदानमा मिनि टिलर वितरण कार्यक्रम | मिनि टिलर (पेट्रोल वा डिजेल किसिम) खरिदमा अनुदान | माग र बजेटको परिधिमा रही कार्यालयको निर्णय अनुसार पछि प्रकाशन गरिनेछ । | |

**कार्यक्रम सञ्चालन प्रक्रियाः** प्रस्ताव आह्वान गरिएको समयभित्र प्राप्त भएका निवेदनहरूको मूल्याङ्कन र स्थलगत अनुगमन गरी लाभग्राही छनौट गरिनेछ।छनौट भएका लाभग्राही सँग सम्झौता गरी, कार्यालयले प्रदान गरेको स्पेसिफिकेशन अनुसार कृषकले खरिद कार्य गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन तथा कृषकबाट बिल भरपाई र अन्य आवश्यक कागजपत्र पेश भए पश्चात गाउँपालिकाबाट सम्बन्धित कृषकको खातामा अनुदान रकम उपलब्ध गराइनेछ।

२०८३/०६/०८
कृष्णहरि न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Email: hariharpurgadhi@gmail.com
For More Info :

हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं. ५५

नोटः विगतका २ आ.व. हरूमा संघ, प्रदेश, स्थानीय सरकार, संघसंस्था वा अन्य कुनै निकायबाट सोही अनुरूपको अनुदान प्राप्त गरेका कृषकहरूलाई यस कार्यक्रममा समावेश गरिने छैन। व्यवसाय दर्ता गरि व्यावसायिक रुपमा कार्य गर्ने कृषकलाई विशेष प्राथमिकता दिइनेछ। महिला, दलित, आदिवासी जनजाति तथा विशेष गरी एकल महिलाहरूलाई प्राथमिकता दिइनेछ।

**आवश्यक कागजातः**

१. तोकिएको ढाँचामा निवेदन तथा प्रस्ताव ।

२. स्पष्ट देखिने नेपाली नागरिकता र लालपुर्जाको प्रतिलिपि ।

३. फर्म, समूह वा सहकारी दर्ता र प्यान दर्ताको प्रमाणपत्र/नवीकरण/करचुक्ताको प्रतिलिपि ।

४. समूह वा सहकारीको बैठकको निर्णय प्रतिलिपि ।

५. उक्त कामको लागि खटाईएको व्यक्तीलाई समूह वा सहकारीले दिएको अख्तियारी पत्र र उक्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र)।

७. कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि/लिजमा लिएको भए कम्तिमा ५ वर्षको भाडा सम्झौता/मन्जुरिनामा (सो जग्गाको आ.व. २०८३/०८४ को जग्गाको मालपोत/भुमि कर तिरेको प्रतिलिपि) ।

८. प्रतिबद्धता पत्र र स्व-घोषणा पत्र ।

९. आवश्यक अन्य कागजात (कार्यक्रमसँग सम्बन्धित मात्र) ।

**थप जानकारीका लागिः** कृषि विकास शाखा ( ९८६४२०२८१५) वा सम्बन्धित वडा प्राविधिकलाई सम्पर्क गर्न सकिनेछ ।

**बोधार्थः**

**श्री वडा कार्यालय (सबै) : वडा मार्फत सूचना सम्प्रेषण तथा सहजीकरण गरिदिनुहुन।**

०८३/०६/०८
कृष्णहरि न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने सिन्धुली

बागमती प्रदेश नेपाल

प.सं. २०८३/०८४

च.नं. ५५

**आवश्यक शर्त/न्यूनतम मापदण्डहरू:**

**१. मिनी टिलरमा आवेदनको लागि हुनुपर्ने न्यूनतम मापदण्ड:** आवेदन दिने कृषकको खेती गरेको जमिनको क्षेत्रफल न्यूनतम २ कठ्ठा हुनुपर्नेछ ।

२. आवेदन फाराममा भएका सम्पूर्ण विवरण पूर्ण रुपमा भर्नुपर्ने छ। अपूर्ण तथा अस्पष्ट रुपमा भरिएको, संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

३. आवेदकले पेश गरेका प्रस्तावहरु स्वीकार गर्ने वा नगर्ने अन्तिम र पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

४. प्रस्तावना फारामको नमुना कृषि विकास शाखामा र सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ।

०८३/०६/०८
कृष्णहरि न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Email: hariharpurgadhi@gmail.com